आ.ब.२०७८/०७९

<u>बैठक संख्या</u>: १३८

<u>आज मिति २०७९ साल जेष्ठ ३१ गते मंगलबार</u> निजगढ नगरपालिकाको प्रमुख श्री सुरथ पुरीज्यूको अध्यक्षतामा निजगढ नगरपालिकाको नगर कार्यपालिकाको बैठक बस्यो। उक्त बैठकको उपस्थिति र निर्णय देहाय अनुसार रहेको छ।

<u>उपस्थितिः</u>

१. प्रमुख श्री सुरथ पुरी
२. उपप्रमुख श्री सोममाया थिङ्ग
३. प्रमुख प्रशासकीय अधिकृत श्री सुमन कुमार कार्की
४. १ नं. वडा अध्यक्ष श्री मंगले लोप्चन
५. २ नं. वडा अध्यक्ष श्री राजन श्रेष्ठ
६. ३ नं. वडा अध्यक्ष श्री गोकुल प्रसाद तिमल्सिना
७. ४ नं. वडा अध्यक्ष श्री विशन सापकोटा
८. ५ नं. वडा अध्यक्ष श्री सूर्य बहादुर थापा मगर
९. ६ नं. वडा अध्यक्ष श्री घनश्याम तिमल्सिना
१०. ७ नं. वडा अध्यक्ष श्री टेक बहादुर लामा
११. ८ नं. वडा अध्यक्ष श्री स्वर्ण लामा
१२. ९ नं. वडा अध्यक्ष श्री रामचन्द्र कटुवाल
१३. १० नं. वडा अध्यक्ष श्री आशाकाजी श्रेष्ठ
१४. ११ नं. वडा अध्यक्ष श्री सहइया गुरो
१५. १२ नं. वडा अध्यक्ष श्री ज्ञान बहादुर गोले
१६. १३ नं. वडा अध्यक्ष श्री सूर्य घलान
१७. नगर कार्यपालिका सदस्य श्री पवित्रा सुनार
१८. नगर कार्यपालिका सदस्य श्री फुलमाया लामा घलान
१९. नगर कार्यपालिका सदस्य श्री मनमाया तामाङ
२०. नगर कार्यपालिका सदस्य श्री मनमाया मगर
२१. नगर कार्यपालिका सदस्य श्री मिना चौरेल
२२. नगर कार्यपालिका सदस्य श्री मान बहादुर डासेली
२३. नगर कार्यपलिका सदस्य श्री मैया कुमारी सुनार
२४. नगर कार्यपलिका सदस्य श्री शर्मिला विश्वकर्मा

<u>आमन्त्रितः</u>

१. लेखा अधिकृत श्री शिव प्रसाद देवकोटा
२. अधिकृत छैठौं श्री रविन घिमिरे
३. सू.प्र.अ. श्री प्रमोद न्यौपाने

<u>सहयोगी कर्मचारीः</u>

१. न.प्र.ह.श्री लक्ष्मण प्रसाद पराजुली
२. इलेक्ट्रिसियन श्री चिरञ्जिवि पौडेल
३. का.स.श्री आशिष अर्याल ४. का.स. श्री दिपेश प्याकुरेल

निर्णयहरु:

आ.ब.२०७८/०७९

१. निजगढ नगरपालिकाको आगामी आ.व. २०७९।०८० को नीति तथा कार्यक्रमका साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१(१) बमोजिम निजगढ नगरपालिकाको आगामी आ.व. २०७९।८० को राजस्व र व्यय (बजेट) अनुमान नगर कार्यपालिकाबाट स्वीकृत गराई मिति २०७९ साल असार १० गते भित्र अनिवार्य रुपमा नगर सभामा पेश गर्नु पर्ने कानूनी अनिवार्यता समेत रहेको सन्दर्भमा निजगढ नगरपालिकाको नगर सभाको दशौं अधिवेशनको बैठक मिति २०७९।०३।०९ गते बिहीवार बस्ने गरी आव्हान गर्ने निर्णय गरियो।

२. निजगढ नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका सामाजिक/सामुदायिक तथा गैर सरकारी संघ संस्था, समिति, समूह, क्लवहरु लगायतका संघ संस्थाहरुले कानून बमोजिम नविकरण एवं संस्थाको आय व्यय सम्वन्धी वार्षिक रुपमा मान्यता प्राप्त लेखा परीक्षकबाट अनिवार्य रुपमा लेखापरीक्षण गर्ने र सो संस्थाहरुले निजगढ नगरपालिका भित्र बार्षिक रुपमा संचालन गरेका वा आगामी दिनमा गर्ने गतिविधिहरुको विवरण सहित निजगढ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा ७ दिन भित्र पेश गर्न यस नगरपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण सामाजिक/सामुदायिक तथा गैर सरकारी संघ संस्था, समिति, समूह, क्लबहरु लगायतका संघ संस्थाहरुलाई अनुरोध गरी लेखी पठाउने र नविकरण एवं लेखापरीक्षण नगराउने गैर सरकारी संघ संस्थाहरुलाई कानून बमोजिम आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो।

३. निजगढ नगरपालिकाको नगर सभावाट स्वीकृत बार्षिक योजना तथा कार्यक्रमहरु मध्ये उपभोक्ता समिति मार्फत सम्पन्न हुने विभिन्न कार्यहरु गर्दा निजगढ नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थान सम्वन्धी कार्यविधि, २०७६ को दफा ४(१) मा उल्लेखित व्यवस्थाहरुका साथै सोही उपदफाको देहाय खण्ड (ख) बमोजिम त्यस्तो समिति गठन गर्दा समिति गठनका लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तीमा ७ दिन अगावै सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सोको मुचुल्का समेत तयार गर्नुपर्ने र उपभोक्ता समिति गठन गर्दा सम्बन्धित वडा कार्यालयको

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

३. सचिव वा कुनै मनासिब कारण परी निज उपस्थित हुन नसक्ने अवस्थामा निजले खटाएको सो वडा कार्यालयको कर्मचारी प्रतिनिधि राखी उपभोक्ता समितिको गठन हुने व्यवस्था गर्ने निर्णय गरियो।

४. निजगढ नगरपालिकाको आ.ब. २०७८।०७९ को बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार वडा नं. ८, ९ र १० नं. वडा कार्यालय भवन निर्माणका लागि बजेट विनियोजन भएकोमा उक्त वडा कार्यालय भवनहरु निर्माणका लागि नगर कार्यपालिकाको कार्यालय, निजगढद्वारा माथि उल्लेखित वडा कार्यालय भवनहरु निर्माण कार्य सम्बन्धी (ठेक्का नं.NM/WOB1/2078/079) मिति २०७८।११।१३ गते सीलबन्दी बोलपत्रको सूचना प्रकाशित भई तोकिएको म्याद भित्र रीतपूर्वक पेश हुन आएका सीलबन्दी बोलपत्रहरु मध्ये सवैभन्दा घटी रकम मु.अ. कर सहित रु.१,५५,३१,२५६।९६(एक करोड पचपन्न लाख एकतिस हजार दुई सय छपन्न रुपैयाँ पैसा छयानब्बे मात्र) कवोल गर्ने श्री मलंग कन्सट्रक्शन, रौतहटले पेश गरेको बोलपत्र छनौट भई सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम निजगढ नगरपालिकाको वडा नं. ८, ९ र १० नं. वडा कार्यालय भवनहरु पक्की संरचनामा निर्माणका लागि श्री मलंग कन्सट्रक्शन, रौतहटले पेश गरेको उक्त बोलपत्र स्वीकृत भएको सन्दर्भमा निज सँग सम्झौताका लागि लेखी पठाएकोमा कानून बमोजिम सम्झौता कार्यका साथै अविलम्व उक्त वडा कार्यालय भवनहरुको निर्माण कार्य अघि बढाउने एवं सो वडा कार्यालयहरु भवन निर्माणका लागि सम्बन्धित वडा कार्यालयले स्थान समेत उपलब्ध गराउने निर्णय गरियो।

५. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(१) बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य क्षेत्रको प्रयोजनका लागि निर्माण सामाग्री ,ज्याला, भाडा तथा महशुलको स्थानीय दररेट तोक्ने व्यवस्था रहेको र सोही दफाको उपदफा ३ बमोजिम त्यस्तो दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुन भन्दा १५ दिन अगावै तोकी सक्नुपर्ने व्यवस्था रहेकोले निजगढ नगरपालिका क्षेत्र भित्र निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेटका सम्बन्धमा सम्वन्धित सरोकारवालाहरु सँग समेत छलफल गरी सो दररेट तोकी सिफारिस सहित स्वीकृतिका लागि पेश गर्न देहाय बमोजिम समिति गठन गर्ने निर्णय गरियो।

(क)ई. श्री रुपेश कुमार यादव – संयोजक

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

निजगढ नगरपालिका
नगर कार्यपालिका कार्यालय
निजगढ, बारा
२०७३

आ.ब.२०७८/०७९

(ख) ई. श्री अशोक कुशवाह – सदस्य
(ग) स.ई. श्री नविन खनाल – सदस्य
(घ) अ.स.ई. श्री ललन गुप्ता – सदस्य
(ङ) आ.ले.प. सहायक श्री दिनेश श्रेष्ठ, प्रमुख, राजस्व उपशाखा – सदस्य सचिव

६. निजगढ नगरपालिका क्षेत्र भित्र बसोबास गरी विभिन्न स्वास्थ्य समस्याका कारण अस्पतालमा उपचाररत एवं आर्थिक रुपमा विपन्न नागरिकहरुलाई स्थानीय सरकारको रुपमा सामाजिक दायित्व समेत निर्वाह गर्नुपर्ने भएकोले देहाय बमोजिम आर्थिक सहायता रकम उपलब्ध गराउने निर्णय गरियो।

| क्र.स. | आर्थिक सहायता प्राप्त गर्ने व्यक्ति/संस्थाको नाम | वडा नं. | आर्थिक सहायता प्रदान गरिएको कारण | रकम |
|---|---|---|---|---|
| १. | श्री कर्ण बहादुर पाखिन | ९ | घर आगलागी | रु. २० हजार |
| २. | श्री रमेश अर्याल | ७ | क्यान्सर पिडित | रु. १० हजार |

७. निजगढ नगरपालिका क्षेत्र भित्रका कृषकहरुलाई उन्नत धानको बीऊ वितरण गरी नगरपालिकालाई कृषि क्षेत्रमा आत्मनिर्भर वनाउन चालु आ.ब. २०७८।०७९ को बार्षिक योजना तथा कार्यक्रममा धान बीऊ वितरण शीर्षकमा बजेट विनियोजन भएकोमा उक्त बजेट अपर्याप्तता हुने देखिएकोले आ.ब. २०७८।०७९ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रममा रहेको हाते ट्रयाक्टर तथा स्प्रे टयाङ्की ५०% अनुदानमा वितरण शीर्षकमा विनियोजित रु. १३ लाख रकम मध्येबाट धानको बीऊ वितरण शीर्षकमा रु. ५ लाख रकम रकामान्तर गरी धानको बीऊ वितरण व्यवस्थापन गर्ने निर्णय गरियो। साथै, निजगढ नगरपालिका क्षेत्र भित्र केरा खेतीमा संलग्न कृषकहरुलाई प्रोत्साहन गर्दै व्यवसायिक केरा खेती तर्फ उन्मुख गराउँदै कृषकहरुको आर्थिकस्तर उकास्दै निजहरुको सहज जीवनयापनका लागि केरा खेतीमा संलग्न कृषकहरुलाई केरा विमा गर्दा लाग्ने प्रिमियम शुल्कमा नगरपालिकाको तर्फबाट ५०% अनुदान दिने निर्णय गरियो।

८. निजगढ नगरपालिका स्थित निर्माणाधिन हिरालाल मार्गमा कल्भर्ट नहुँदा बर्षाको पानीले डुबान हुने र सोबाट वस्ती, खेतीयोग्य जमिनको डुबान, सवारी साधन एवं नागरिकहरु हिंडडुल तथा आवागमनमा समेत समस्या परेकोले सहज पानी निकास गर्दै डुबानको समस्या समाधानका लागि उक्त मार्गमा कल्भर्ट निर्माण गर्नु पर्ने भएकोले नगर कार्यपालिकाको

सुमन कुमार का
प्रमुख प्रशासकीय अ
उपसचि

CamScanner

कार्यालय, निजगढका प्राविधिकहरुद्वारा तयार गरेको लागत अनुमान स्वीकृत गरी कानून बमोजिम कल्भर्ट निर्माण कार्य अघि बढाउने निर्णय गरियो।

९. निजगढ नगरपालिका वडा नं.१०, ११, १२ र १३ जाने तामागढी रतनपुरी सडक खण्ड तथा निजगढ सिंगौल सडक खण्डको दायाँ बायाँ अत्याधिक मात्रामा झाडी बढन गएको र सोबाट उक्त सडकहरुमा दुर्घट्नाको उच्च जोखिम रहेको देखिएकोले उक्त सडकहरुको दायाँबायाँ रहेका झाडी काटी सफाई गर्ने कार्य तत्कालै अघि बढाउनुका साथै निजगढ नगरपालिका क्षेत्र भित्र रहेका सडक बाटाहरुमा बर्षाको पानीले खाल्डाखुल्डी बनाई सवारी साधन एवं नागरिकहरुलाई हिंडडुल एवं आवतजावत गर्न समस्या परेकोले नगर कार्यपालिकाको कार्यालय, निजगढका प्राविधिकहरुबाट लागत अनुमान तयार गरी अविलम्ब सडक खाल्डाखुल्डी पुर्ने कार्य अघि बढाउन देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

(क) उपप्रमुख श्री सोममाया थिङ – संयोजक
(ख) लेखा अधिकृत श्री शिव प्रसाद देवकोटा - सदस्य
(ग) वडा अध्यक्ष श्री टेक बहादुर लामा – सदस्य
(घ) वडा अध्यक्ष श्री राजन श्रेष्ठ – सदस्य
(ङ) वडा अध्यक्ष श्री सहइया गुरो – सदस्य
(च) ई. श्री अशोक कुशवाह – सदस्य
(छ) ई. श्री रुपेश कुमार यादव – सदस्य सचिव

१०. नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.सं. २०७८।०७९, च.नं. १९१६, मिति २०७८।१२।२८ गतेको पत्रानुसार सामाजिक सुरक्षा भत्ता अनिवार्य रुपमा बैकिङ्ग प्रणाली मार्फत् वितरण गर्ने सन्दर्भमा स्थानीय तहहरुमा आइपर्ने समस्याहरुको समाधानका लागि स्थानीय तह सामाजिक सुरक्षा भत्ता वितरण वैकिङ्ग समस्या समाधान तथा सहजीकरण समिति गठनका लागि लेखी आएकोमा सो समितिको देहाय खण्ड (ग) मा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि मध्येवाट स्थानीय तहले तोकेको १ जना महिला सहित २ जना सदस्य समेत रहने व्यवस्था रहेकोले सो बमोजिम उक्त समितिमा वडा अध्यक्ष श्री टेक बहादुर लामा र नगर कार्यपालिका सदस्य श्री पवित्रा सुनार सदस्यको रुपमा मनोनयन गर्ने निर्णय गरियो।